लुम्बिनी प्रदेश सरकार
उद्योग,पर्यटन तथा यातायात मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
सिद्धार्थनगर रुपन्देही

फोनः ०७१-५७०२०४

# उत्कृष्ट उद्यमी सम्मान सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः २०८१/०८/१७

प्रस्तुत बिषयमा यस कार्यालयको आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रुपन्देही जिल्ला भित्र उद्योग दर्ता गरी सञ्चालन गरिरहेका लघु,घरेलु तथा साना उद्यमीहरुमध्येबाट एक (१) जना महिला सहित दुई (२) जना उद्यमीलाई "उत्कृष्ट उद्यमी सम्मान कार्यविधि,२०८१" बमोजिम नगद पुरस्कारबाट सम्मान गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यविधी अन्तर्गत उत्कृष्ट उद्यमी सम्मान प्राप्त गर्न इच्छुक उद्यमीहरुले सोहि कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचा अनुसारको विवरण सहितको फारम र आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा आवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

क. लुम्बिनी प्रदेशमा स्थायी बसोबास भई रुपन्देही जिल्लामा उद्यम गरिरहेको नेपाली नागरिक
ख. उद्यमी स्वयं आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,
ग. विगत २ बर्षदेखि निरन्तर उद्यम गरिरहेको,
घ. नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गराएको,
ङ. पछिल्लो ३ बर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको ।

आवश्यक कागजातहरु

१. अनुसुची २ बमोजिमको आवेदन,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. उद्योग दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,
४. उद्योगको स्थायि लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,
५. पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६. पछिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
७. उद्यमी लक्षित समुहमा पर्ने भएमा सो समुह खुल्ले प्रमाणित कागजात
८. उद्यमीले पछिल्लो ३ आ.व. मा कुनैपनि सरकारी निकायबाट सम्मान तथा पुरस्कार प्राप्त नगरेको स्वघोषणा पत्र
९. आवेदन फारम घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीको, वेवसाइट csirupandehi.p5.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।साथै यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कार्यालयको फोन नं. ०७१५७०२०४ वा अधिकृत लक्ष्मी प्रसाद दाहालको फोन नं. ९८४७६६९५८२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

(लोक कुमार कार्की)
नि. प्रमुख उद्योग अधिकृत

गैडहवा गाउँपालिका
दर्ता नं. १४६३
दर्ता मिति २०८१/०८/१९

"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"

## अनुसुची २

(दफा ८ को खण्ड (क) सँग सम्बन्धित)

### उत्कृष्ट उद्यमी सम्मान आवेदन फारम

१. उद्यमीको नामः........................................................................................................

२. व्यवसाय उद्यमशीलताको नामः ..................................................................................

३. कार्य प्रकृतिः ...........................................................................................................

४. ठेगानाः ...................... जिल्ला .................... पालिका ................ वडा .............टोल

५. कार्यरत व्यवसाय स्थापना मितिः ...............................................................

६. समपर्क नं. नम्बरः ......................................

७. विगत दुई बर्ष देखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्तिपत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने)

.......................................................................................................................................

८. उद्यमशीलतामा स्थानीय र बाह्य स्रोत साधन प्रयोगको अवस्था (स्थानीय र बाह्य श्रोतको अवस्था बुँदागत रुपमा खुलाउने)

.......................................................................................................................................

९. श्रमिकको सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यस्थल सुरक्षा तथा कार्यवातावरणका बारेमा खुलाउने ।

.......................................................................................................................................

१०.लक्षित वर्ग समुह (भए खूलाउने)

.......................................................................................................................................

११.उत्पादित वस्तु सामाग्री तथा निर्मण गरिएको वस्तुहरुको भण्डारण, प्याकेजिङ्ग र लेवलिङ्ग सम्बन्धी विवरणः

.......................................................................................................................................

१२.समग्र उद्यम व्यवस्थापनको गुणस्तरीयता, दक्षता र प्रभावकारिताः

.......................................................................................................................................

१३.श्रम/व्यवसायले पारेको सामाजिक आर्थिक प्रभावः

क) .........................................................................................

ख) .........................................................................................

१४.अन्य कुरा केहि भए खुलाउने ।

.......................................................................................................................................

१५.संलग्न गर्नुपर्ने कागजातहरुः

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ख) उद्योग दर्ता/ नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

ग) उद्योगको स्थायि लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,

घ) पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

ङ) पछिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

च) उद्यमी लक्षित समुहमा पर्ने भएमा सो समुह खुल्ले प्रमाणित कागजात

छ) उद्यमीले पछिल्लो ३ आ.व. मा कुनैपनि सरकारी निकायबाट सम्मान तथा पुरस्कार प्राप्त नगरेको स्वघोषणा पत्र